बैठक संख्या:१

श्री:

आज मिति २०७८ साल श्रावण २१ गतेको दिनको ११:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ।

**उपस्थिति**

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |

| | | | |
|---|---|---|---|
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८ | | श्री इन्द्र वहादुर कुँवर | उपसचिब |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| | | मदन श्रेष्ठ | [illegible] |

निर्णयहरू:

नि.नं १:

कोभिड –१९ को संक्रमण देशव्यापीरूपमा समुदाय स्तर सम्म फैलिरहेको सन्दर्भमा विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट जारी यस सम्बन्धी पूर्व सतर्कताका लागि अवलम्वन गर्नुपर्ने उपायहरूको पूर्ण पालना गर्दै स्थानीय स्तरमा थप सचेतनाको लागि देहायबमोजिमका पूर्वतयारी एवं संक्रमण न्युनीकरणका कार्यहरू गर्ने/ गराउने निर्णय गरियो ।

- माक्स सेनीटाइजर लगायतका व्यक्तिगत सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्ने.
- सामाजिक/भौतिक दुरी कायम गर्ने
- सम्भावित संक्रमितहरूलाई सम्भव भएसम्म होम क्वारेन्टाइनमा राख्ने वा स्वयमको व्यवस्थापनमा होटलमा बस्न लगाउने, होम क्वारेन्टाइनमा बस्न सम्भव नहुने र स्वयं व्यवस्थापन पनि गर्न नसक्ने विपन्न व्यक्तिका लागि मात्र भाद्र १ गते देखी देखी विद्यालय वाहीरका सामूदायिक भवनहरूमा क्वारेन्टाइन व्यवस्थापन गरी बस्ने व्यवस्था मिलाउने कार्य नगरपालिका र वडा कार्यलयहरू मार्फत गर्ने, निजहरूको खानाको व्यवस्था समेत यथासम्भव सम्बन्धित परिवारले नै व्यवस्थापन गर्ने
- पहिचान भएका संक्रमितहरूलाई आइसोलेशनमा उपचार गर्ने प्रबन्धको लागि आइसोलेशन भवन निर्माण गर्ने कार्यलाई तिव्रता दिने
- लकडाउन अवधि सकिएता पनि नेपाल सरकारबाट तत्काल व्यावसाय सञ्चालनमा प्रतिबन्धित सूचिमा रहेका व्यावसायहरू शैलुन र ब्युटी पार्लरहरू खोल्न नदिने
- भारत तथा तेश्रो मुलुकबाट फर्किने प्रत्येक व्यक्तिको पिसिआर परिक्षण नतिजाको आधारमा मात्र नगरपालिका प्रवेश गर्न अनुमति दिने
- बाहीरबाट नगरपालिका प्रवेश गर्ने प्रत्येक व्यक्तिहरूलाई सम्बन्धित वडा कार्यालयमा सूचिकृत गर्ने

नि.नं २:

गत आ.व. ०७६/०७७ को कूल बजेट रू ८६,१६,८४,८३५।०० मध्ये रू ६२,०४,४१,३०८।२० खर्च भै ७२ प्रतिशत वित्तिय प्रगति भएको साथै सेनेटरी ल्यापड फिल साइट निर्माण गर्न विशेष अनुदान तर्फ प्राप्त रू २,००,००,०००।००, विषयगत शाखा सशर्त अनुदान अन्तरगत चालु तर्फ १,७०,००,०००।००, पुजिगत तर्फ १,३३,००,०००।०० समपुरक कोष तर्फ ३०,६५,४३८।०० समेत गरी कूल रकम रू ५,३३,६५,४३८।०० संघिय सरकारमा फिर्ता भएको व्यहोरा जानकारी गराईयो ।

नि.नं ३: यस न.पा. अन्तरगत रहेका सार्वजनिक पोखरी, ताल तलैयाहरूको विवरण १ हप्ता भित्र वडा कार्यालयहरू मार्फत संकलन गरी तिनको संरक्षण गर्ने र आन्तरिक श्रोत परिचालनको माध्यमको रूपमा विकास गर्दै जाने निर्णय गरियो ।

नि.नं ४ : नेपालको संविधान बमोजिम स्थानीय सरकारको मातहत रहनु पर्ने नापी कार्यालय तथा मालपोत कार्यालयका जिल्ला स्थित निकायहरूबाट भैरहेका सेवा तथा कार्यहरू यस कार्यालय मार्फत सूचारू गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

नि.नं ५ : ०७७/३/३१ गते राती १२:०० बजे देखी सूत्र सफ्टवेयर बन्द भएको कारण भूक्तानी वाँकी रहेका तपसिलका योजनाहरूको सन्दर्भमा चालु आ.व.मा भूक्तानी वाँकी योजनाहरू अन्तरगत विनियोजित रकम मध्येबाट भूक्तानी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

| भुक्तानी वांकी योजनाहरुको विवरण ०७७।०७८ | | |
|---|---|---|
| क.स | योजनाको नाम | भुक्तानी गर्नुपर्ने रकम |
| १ | सहलगानीमा स्यालो ट्यूवेल जडान , वडा नं ११ | ६७,४३५।०० |

| | | |
|---|---|---|
| २ | रेडक्रस भवन, वडा नं ४ | ७००,०००।०० |
| ३ | उपहारनगर नाला सहित बाटो ग्राभेल, वडा नं ४ | १७१,२२०।०० |
| ४ | क्वारेन्टाइन व्यवस्थापन, वडा नं ४ | ८३,४२५।०० |
| ५ | प्रतिक्षालय मर्मत, वडा नं १० | १००,०००।०० |
| ६ | ग्राभेलिङ्ग तथा बाटो स्तरिकरण, वडा नं ४ | १,१७३,०००।०० |
| ७ | मुन्ना कोल्ड स्टोर देखी उत्तर तर्फको सडक स्तरिकरण, वडा नं १२ | २७०,९३०।०० |
| ८ | झम बहादुर चोक देखी वडा नं १२ जोड्ने अधुरो बाटो ग्राभेल, वडा नं १ | २५०,०००।०० |
| ९ | वौद्द मार्गबाट मिगिन पथ जोड्ने बाटो ग्राभेल, वडा नं १ | १५०,०००।०० |
| १० | बाटो ग्राभेल वडा नं १० | २००,०००।०० |
| १२ | नाला र कालोपत्रे सडक निर्माण, टि.सी.एन चोक साना किसान वडा नं ४ | ५५४,१९०।०० |
| १३ | गगरानी खोला सरसफाई, वडा नं ४ | ६०४,३००।०० |
| १४ | नयाँ बाटो ग्राभेल, वडा नं १० | २००,०००।०० |
| १५ | वडा नं २ देखी वडा नं ४ जाने बाटो ग्राभेल | १००,०००।०० |
| १६ | भानु प्रा.वि.मा पार्किङ्ग, वडा नं ८ | ७०,०००।०० |
| १७ | फोहर मैला व्यवस्थापन, वडा नं ८ | ४८,८१६।०० |
| १८ | खेलकुद सामाग्री खरिद, वडा नं ८ | ५४,५००।०० |
| १९ | ढल निकाश, वडा नं १० | ५६०,०००।०० |
| २० | वर्मेली टोल पूर्व विष्णु वि.सि.को घर पश्चिम मायाको घर सम्म कालोपत्रे वडा नं ४ | ७००,०००।०० |
| २१ | अधुरो गाँउ घर खोप क्लिनिक, वडा नं ८ | १००,०००।०० |
| २२ | जहदा स्वास्थ्य चौकी क्लष्टर, वडा नं १३ | ५९,९१२।०० |
| २३ | क्वारेन्टाइन व्यवस्थापन वडा नं ८ | ७०,१५१।०० |
| २३ | सीमसार डि.पि.आर. ५२ घोला | १,०००,०००।०० |
| २४ | क्वारेन्टाइन व्यवस्थापन वडा नं १६ | १००,०००।०० |
| २५ | बर्दघाट कभर्ड हल निर्माण वडा नं १४ | २,८५,७००।०० |
| | | ७६,७३,५७९।०० |

**नि.नं ६ः**

**हाम्रो बचत तथा ऋण सहकारी संस्था, बर्दघाट–२ नवलपरासी र सुपर बचत तथा ऋण सहकारी संस्था, बर्दघाट–२ ले बर्दघाट नगरपालिकाको सहकारी संस्था एकिकरण सम्बन्धी कार्यविधि, २०७६ मा बमोजिमको प्रक्रिया एँव दफा १४ बमोजिमको एकिकरणको लागि अन्तिम स्वीकृति दिन आवश्यक कागजातहरू पुरा भएकोले उक्त २ सहकारी एकिकरणको लागि अन्तिम स्वीकृति दिने निर्णय गरियो ।**

**नि.नं ७ः यस नगरपालिकाबाट तयार भएको स्थानीय तहको पाठ्यक्रम सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो ।**

**नि.नं ८ः स्थानीय दैवि प्रकोप उद्धार समितिबाट भएको निर्णय बमोजिम हावाहुरी/बाढी/पहिरो प्रभावित परिवारहरूलाई भएको क्षति, स्थानीय प्रहरी सर्जमिन मुचुल्का तथा वडाको सिफारिस समेतको आधारमा पूर्ण क्षतिलाई रू १०,०००।०० र आँशिक क्षेतिलाई रू ५,०००।०० विपद व्यवस्थापन कोषमा विनियोजित रकम मध्येबाट भूक्तानी गर्ने निर्णय गरियो ।**

नि.न. ९ः यस नगरपालिका अन्तरगत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनको लागि नगर स्थित विभिन्न वैंकहरू सँग सम्झौता गरी भत्ता वितरण गर्ने कार्य भैरहेकोमा विभिन्न स्थानबाट वितरण प्रक्रियामा जटिलता देखीएको भनी सेवाग्राहीहरूको गुनासो आएको हुँदा सम्बन्धित वडा कार्यालय समेत सँगको समन्वयमा आवश्यकता अनुसार वैंक परिवर्तन गर्ने निर्णय गरियो ।

नि.नं १०ः यस नगरपालिका स्थित वडा नं २ को क्वारेन्टाइनमा बसेकी अवस्थामा मृत्यू भएका वडा नं २ निवासी धन बहादुर पुनका आश्रित परिवारलाई कृया खर्च वापत रू २५,०००।०० र राहत स्वरूप रू १,००,०००।०० समेत कूल रकम रू १,२५,०००।०० कोभिड व्यवस्थापन कोष अन्तरगत विनियोजित रकम मध्येबाट भूक्तानी दिने र स्थानीय खोलामा आएको बाढीको कारणबाट मृत्यू भएका वडा नं १५ निवासी सुधिर वि.क. र प्रविण वि.क.को आश्रित परिवारलाई जनही २५,०००।०० को दरले कृया खर्च विपद व्यवस्थापन कोष तर्फ विनियोजित रकम मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं ११ः चालु आ.व. ०७७/७८ को लागि जिल्ला दर रेट निर्धारण समिति नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाट तयार भएको दर रेटलाई संसोधन सहित स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

नि.नं १२ः यस नगरपालिका वडा नं ९ साविक पञ्चनगर गाविसको फिल्डमा रहेको १–१०–० (एक विगाहा दश कठ्ठा) जग्गामा विभिन्न संस संस्थाहरूले भवन निर्माण गरी भोगचलन गर्दै आएकोमा उक्त निर्मीत संरचनाहरूको भाडा दर निर्धारण गर्ने सन्दर्भमा आवश्यक सिफारिस गर्न देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

वडा नं ९ का वडाअध्यक्ष श्री चन्द्रकान्त चापागाइ –संयोजक
वडा नं ८ का वडाध्यक्ष श्री कविराज आचार्य, – सदस्य
वडा नं १० का वडाध्याक्ष श्री राजु मिश्र, – सदस्य
वडा नं ११ का वडाध्यक्ष श्री तिर्थराज फौज्दार – सदस्य
वडा नं ९ का वडा सचिव श्री हिमाकुमारी बन –सदस्य सचिव

नि.नं १३ः बर्दघाट नगरपालिकाको उप प्रमुख श्री मायादेवी पौडेलकी ममतामयी सासु आमा सावित्रा देवी उपाध्याय को ०७७/३/३१ असामयीक निधन भएकोमा मृतक आत्माको चिर शान्तिको कामना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

नि.नं १४ः नेपाल सरकारले ०७६/१२/११ देखी जारी गरेको लकडाउनको अवधिमा सिमित कर्मचारीलाई कार्यालयमा उपस्थित गराई काममा लगाइएको र बाँकी कर्मचारी घरमै रहेको हुँदा नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेको सूचना बमोजिम कार्यालय प्रमुखले अनुपस्थित हुने दिनको सार्वजनिक विदा कायम गर्न सक्ने भनी उल्लेख भएकोले उक्त अवधिमा अनुपस्थित कर्मचारीहरूको सार्वजनिक विदा कायम गरिएकोमा सो विषयलाई अनुमोदन गर्ने निर्णय गरियो ।